म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौँडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- १८२ २०८० जेठ १३ गते शनिबार 27 May 2023, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## बैशाखमा १२ जना किशोरी आमा बने

हेटौँडाः बैशाख महिनामा हेटौँडा अस्पतालमा २० वर्षभन्दा कम उमेरका १२ जना किशोरी आमा बनेका छन् । हेटौँडा अस्पतालमा एक महिनामा एक सय ९५ जनाले सामान्य प्रसुती गराएका छन् । ७ जनाको आपत्कालीन शल्यक्रिया गरिएको छ भने ९४ जनाको तालिकाअनुसार नै शल्यक्रिया गरिएको हेटौँडा अस्पतालका सूचना अधिकारी राजीव झाले जानकारी दिनुभएको छ ।

यस्तै, बैशाख महिनामा हेटौँडा अस्पतालमा २१ जना गर्भवतीले सुरक्षित गर्भपतन गराएका उहाँले जानकारी दिनुभयो ।

## रग्बीमा मकवानपुरको दुवै टोली फाइनलमा



*मकवानपुरमा जारी पुरुष र महिला रग्बी अन्तर्गत महिला समूह भिडदै ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुरको पुरुष र महिला टोली हेटौँडामा जारी दोस्रो बागमती प्रदेश खेलकुदअन्तर्गत रग्बी प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन् ।

पिप्लेस्थित पिप्ले क्याम्पा रंगशालामा शुक्रबार सम्पन्न सेमिफाइनलमा मकवानपुरले महिलातर्फ चितवन र पुरुषमा रामेछापमाथि जित निकाल्दै स्वर्ण प्रतिस्पर्धाको यात्रा तय गरेका हुन् । महिला मकवानपुरले चितवनलाई ४९-० को फराकिलो अन्तरले हरायो । मकवानपुरको जितमा मनीषा घिसिङ एक्लैले पाँच ट्राइ गरिन् । पुष्पा खड्का तीन ट्राइ र श्रीषा लोप्चन एक ट्राइ गर्न सफल भए । पुरुषमा भने मकवानपुरले रामेछापमाथि २५-० ले हराउँदा विशेक बछार, सुजन लोप्चन, विक्रम भारती र अभि राईले समान एक ट्राइ गरे ।

महिलाकै अर्को सेमिफाइनलमा ललितपुरले काठमाडौंमाथि ७-० स्कोरको जित निकाल्दै मकवानपुरसँगको भेट पक्का गऱ्यो । पुस्तिका वाग्लेले एक ट्राइ र एक कनभर्जन किक प्रहार गरिन् । पुरुषकै अर्को सेमिफाइनलमा भक्तपुरले काभ्रेलाई २९-० स्कोरले हरायो । भक्तपुरका लागि गणेश बानियाँले तीन ट्राइ, सुरज रानाले दुई ट्राई र नीरज कार्कीले दुई कनभर्जन किक प्रहार गरे ।

पुरुषतर्फ आठ जिल्ला र महिलामा पाँच जिल्लाले प्रतिस्पर्धा गरेका थिए । महिला र पुरुषको फाइनल र तेस्रो स्थानका लागि प्रतिस्पर्धा आज शनिबार हुनेछ ।

## पुरुष क्रिकेटमा चितवनलाई स्वर्ण



*खेलाडीलाई पुरस्कृत गर्नुहुँदै सदस्य सचिव सूर्यलाल भण्डारी ।*

समाज संवाददाता

हेटौँडाः दोस्रो बागमती प्रदेश खेलकुदमा पुरुष क्रिकेट प्रतियोगिताको उपाधि चितवन जिल्लाले जितेको छ । महिला क्रिकेटको उपाधि भने काठमाडौंले जितेको थियो । चितवनस्थित गौतम बुद्ध क्रिकेट मैदानमा शुक्रबार सम्पन्न फाइनलमा ललितपुरमाथि ३६ रनको जित निकाल्दै चितवनले स्वर्ण जितेको हो । चितवन सेमीफाइनलमा मकवानपुरसँग टसमा जित निकाल्दै फाइनल प्रवेश गरेको टिम हो । बिहिबार वर्षाले खेल प्रभावित भएपछि मकवानपुर र चितवनबीचको खेलको नतीजा टसबाट निकालिएको थियो ।

निर्धारित २० ओभरमा १ सय ६७ रनको लक्ष्य पछ्याएको ललितपुरले आठ विकेट गुमाउँदै १३० रन मात्र जोडेपछि चिवतनले सहज जित निकाल्यो । चितवनका बलरले उत्कृष्ट बलिङ गरेपछि ललितपुरका ब्याटर लामो समयसम्म क्रिजमा टिक्न सकेनन् । चितवनका बलर दिवस आचार्यले पाँच विकेट लिँदै ललितपुरको इनिङ धरासयी बनाए । उनले चार ओभरमा १५ रन मात्र खर्चिए ।

दीपेश श्रेष्ठले दुई तथा गौतम केसीले एक विकेट लिँदै ललितपुरलाई सस्तैमा रोके । ललितपुरका विवेक रानामगर २७ रनमा नटआउट रहँदा ओपनर आशुतोष घिरैया २५ रन, रोनिम तिवारीले १६ रन र आरस तामाङले १४ रनबाहेक अन्यले दोहोरो अंकमा रन बटुल्न सकेनन् ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १६६ रनको योगफल जोड्यो । चितवनको सुरुवात भने कमजोर थियो । २ ओभर १ बलमा नै दुई विकेट गुमाउँदा चितवनले ११ रन मात्र जोडेको थियो ।

ललितपुरका बलर प्रसिद्ध बज्राचार्यले ओपनर साकार ढकाल ४ रनमा र सन्तोष न्यौपानेलाई १ रनमा पभेलियनको दिशा देखाएका थिए । तेस्रो विकेटका लागि ओपनर पाल्देन लामा र जेनिस महतले ५३ रनको अर्धशतकीय साझेदारी गर्दै इनिङ सम्हाले । गौतम केसीले ३६ रन, पाल्देनले ३४ रन र जेनिस र प्रतीक श्रेष्ठले समान ३२ रन जोडेपछि घरेलु टोलीले चुनौतीपूर्ण लक्ष्य प्रस्तुत गऱ्यो ।

ललितपुरका बलर प्रसिद्धले तीन विकेट लिँदा विवेक रानामगरले दुई तथा युनिस थापा र आदिल खानले एक विकेट लिए । प्रतियोगितामा काठमाडौंका इसान पाण्डे प्लेयर अफ दी सिरिज भए । काठमाडौंकै मनोज यादव उत्कृष्ट बलर र चितवनका प्रतीक श्रेष्ठ उत्कृष्ट ब्याटर घोषित भए । विजेतालाई प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारी, प्रदेश खेलकुद विकास परिषद्का कार्यालय प्रमुख देवनारायण चौधरीलगायतले पुरस्कार वितरण गर्नुभयो ।

## हेटौंडा कस्तो बनाउने भन्ने परिकल्पना छैन



समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको राजधानी हेटौँडालाई कस्तो बनाउने भन्ने विषयको परिकल्पना नभएको बताइएको छ । शुक्रबार योजना तर्जुमा र सुशासन प्रवर्द्वन अभिमुखीकरण तथा छलफल कार्यक्रममा मन्तव्य राख्नुहुँदै हेटौँडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाले यस्तो बताउनुभयो ।

संघीय र प्रदेश सरकारले पनि प्रदेशको राजधानीलाई कस्तो बनाउने भन्ने विषयमा भिजन लिनुपर्ने हुन्छ । लुम्बिनी प्रदेशले मार्गचित्र बनाउँदा बागमती प्रदेशले मार्गचित्रको निर्णयसमेत लिन सकेको छैन ।

कर्मचारीलाई तलब वितरणदेखि २५ मिटर भत्काउने विषयमा समस्या रहेको छ । १० पालिकाकै सदरमुकाम कसरी जोड्ने भन्ने विषयमा स्थानीय तहले मात्र सहकार्य गर्नुपर्ने अवस्था छ । जब २५ मिटर क्लियर हुँदैन तब अन्य पालिकाहरुमा भएका विकास पनि हेटौँडाजस्तै हुने मेयर लामाले बताउनुभयो । जसका लागि जिल्ला समन्वय समितिले समन्वयको भूमिका निर्वाह गर्न उहाँले आग्रह गर्नुभयो ।

कैलाश गाउँपालिका प्रमुख लोकबहादुर मोक्तानले प्रदेशका १ सय १९ पालिकामा सूचाकाङ्कको आधारमा योजना जान्छन् । तर, कैलाशजस्तो विकट क्षेत्रमा कसरी योजना जान्छन् भन्ने विषयमा प्रदेश सरकारको ध्यानाकर्षण हुन जरुरी रहेको उल्लेख गर्नुभयो । सदरमुकामसँग जोड्ने सडकलाई कालोपत्रे गर्ने विषय आफूले उठान गरिए पनि कुनै सुनुवाई नभएको उहाँको भनाई छ । नीति कार्यक्रमको कार्यान्वयन छैनन् र सुनुवाई हुने ठाउँ पनि नहुँदा विकराल समस्या लिइरहेको उहाँले बताउनुभयो ।

राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले प्रदेश र स्थानीय तहबीच दोहोरोपनाका योजना धेरै रहेको बताउनुभयो । तर कर्मचारी व्यवस्थापनअन्तर्गत् एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयनमा समस्या छन् । पशुमा रोगहरु फैलिरहेको अवस्था छ र धेरै किसान गाउँमा हुन्छन् भन्ने विषयहरुको गहनरुपमा छलफल हुनुपर्ने उहाँको भनाई छ । गिट्टी, बालुवा उत्खनन् बन्द रहेकाले विकासले दिगोपना लिन नसक्ने उहाँले बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख राजेन्द्रदेव पाण्डेले स्थानीय तहले सर्वस्वीकार्य डकुमेन्ट बनाउनुपर्ने बताउनुभयो । योजना कार्यान्वयन नभइरहेको अवस्था छन्, जसले गर्दा स्रोत साधनले कतिको भ्याउँछ भन्ने विषयमा स्थानीय तहले सर्वस्वीकार्य डकुमेन्ट बनाउन जरुरी हुने उहाँको भनाई छ । ढुंगा, गिट्टी, बालुवाको समस्या समाधानमा चुनौती रहेको भन्दै उहाँले संविधानले दिएको अधिकारको सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले प्रदेश र संघीयको बजेटमा मात्र भर नपर्न स्थानीय तहलाई ध्यानाकर्षण गराउनुभयो । आफू कसरी आत्मनिर्भर बन्ने विषयमा विशेष ध्यान दिनुपर्ने उहाँको धारणा छ ।

पालिकाहरुबाट ढुंगा, गिट्टी, बालुवा आवश्यक मापदण्डविपरीत खनेर लग्ने गरेको गुनासो प्रशासनलाई आउने गरेको पाण्डेले जानकारी दिनुभयो । नक्कली रसिद बनाउने र रसिदसमेत नबनाई ढुंगा, गिट्टी, बालुवा खन्ने गरिएको उहाँले बताउनुभयो । नागरिकता सिफारिसमा समेत जोखिम लिनुपर्ने अवस्था रहेको उहाँको भनाई छ । वैदेशिक रोजगारलगायत विभिन्न कारण दुईवटा नागरिकता लिने दर बढेको दावी गर्दै स्थानीय तहले गरेका सिफारिसका आधारमा काम बन्ने भएकाले उक्त विषयमा प्रशासन अन्यौलमा रहेको उहाँले गुनासो गर्नुभयो । जोखिम छ या छैन भन्ने कुरालाई मध्यनजर गरी सेवाग्राहीलाई सेवा दिनसमेत आग्रह गर्नुभयो । उहाँले प्रचलित ऐन कानुनबमोजिम कार्य गर्न स्थानीय तहले भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो । अनुगमन र नियमनमा सहयोग गर्ने प्रतिबद्वता जनाउनुभयो । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको सभाध्यक्षतामा अभिमुखीकरण भएको हो । प्राध्यापक डा. नरविक्रम थापाले स्थानीय तहको योजना तर्जुमा तथा अन्तर सरकार योजना समन्वय र अनुकूलताका पाटाहरुबारे सहजीकरण गर्नुभयो ।




# अकबरका पाँच प्रश्न



अकबर वीरबलको कथा

एक बिहान अकबरको मस्तिष्कमा पाँचओटा प्रश्नहरु खेले । त्यसो त उनी हरेक बिहान आफ्ना भारदार र मन्त्रीहरुको बुद्धि परीक्षा गराउने अक्कल खोजिरहन्थे । वीरबललाई कुनै दिन हराउन पाइन्छ कि भन्ने धोको पनि उनीसँग हुन्थ्यो । त्यस बिहान उनले सोचेका प्रश्नहरु तेर्स्याएर मन्त्री र स्वयम् वीरबललाई चक्मा दिने उनले बिचार गरे । वीरबल नआइपुग्दै उनले पाँच प्रश्न गरे । उनलाई थाहा थियो कि वीर बल आइपुगे भने अरुहरुको उत्तर दिने आँटै गर्दैनन् । उनका प्रश्नहरु यस प्रकार थिए:

सबैभन्दा उत्तम फूल कुन हो ?
कसको दूध सबैभन्दा उत्तम हुन्छ ?
सबैभन्दा मीठो कुरा के हो ?
सबैभन्दा श्रेष्ठ पात के को हुन्छ ?
सर्वश्रेष्ठ राजा को हुन् ?

मन्त्री र सभासद्हरुले उत्तर दिएर राजालाई खुशी पार्ने प्रयत्न गरे । पहिलो प्रश्नको जवाफमा भारदार र मन्त्रीहरुले करीब करीब उस्तै उत्तर दिए। उनीहरुमध्ये कतिले फूलहरुमा उत्तम गुलाब, लोटस, चमेली आदि भने ।

दोस्रो प्रश्नको उत्तरमा सभासद्हरु र मन्त्रीहरुले गाई,भैँसी,भैँडा आदिको दूध उत्तम हुने जवाफ दिए । तेस्रो प्रश्नको उत्तर दिने क्रममा उनीहरुले उखुको रस कसैले अनारको रस त कसैले मिठाई सबैभन्दा गुलियो हुने बिचार राखे । जब चौथो प्रश्नको सवाल आयो भारदार र मन्त्रीहरुले सबैभन्दा उत्तम वा श्रेष्ठ पात निमको, केरा, पीपल आदि जवाफ आयो। पाँचौ प्रश्नको उत्तरमा सबैको एकमत देखियो । सर्वश्रेष्ठ राजा अकबर ।

यी सबै जवाफ सुनेर राजा खुशी त भए तर सन्तोष लिन सकेनन् अब वीरबलको पालो आएको थियो । वीरबल पनि भर्खर आइपुगे । आउँदाआउँदै वीरबलले प्रश्नोत्तरको क्रम थाहा पनि पाइसकेका थिए। राजाले दोहोर्‍याएर प्रश्न गरे ।

'सम्राट ! मेरा बिचारमा सबैभन्दा उत्तम फूल कपासको हो जसको कारण हामी लत्ताकपडा र ओढ्ने ओछ्याउने पाइरहेका छौँ । दूधका कुरा गर्दा आमाको दूधभन्दा उत्तम म अरु देख्दिन, जसले जीवन दिन्छ। मिठासको कुरा गर्दा हाम्रो जिब्रोमा निस्कने मधुर वाणी हो। पातमा पानको पातभन्दा उत्तम अरु देख्दिन किनकी यो चपाउँदा शत्रु पनि मित्रु बन्छ । राजाहरुमा सर्बश्रेष्ठ इन्द्र हुन् । जसको अनुपस्थितिमा यो संसारमा वर्षा हुँदैन र जीवनको अस्तित्व रहन्न" वीरबलले जवाफ दिए । वीरबलले दिएको जवाफमा राजा अकबरले वाह वाह गरी प्रशंसा गरे ।

# 'अपमानित'

लघुकथा



श्यामप्रसाद श्रेष्ठ

'माननीय संसद श्री सत्यमान ज्युलाई सदनमा बोल्न १० मिनट समय प्रदान गर्दछु'

'सभामुख महोदय ! म यो संसदीय सदनको अस्तित्व स्विकार्न सक्दिन, म अर्को एउटा सदनको व्यवस्था गर्न सभामुखज्यु मार्फत सदनमा राख्नका लागि अनुरोध गर्दछु ।'

'माननीय सांसदज्यु तपाईं यो सम्मानित सभाको अनादर गरिरहनु भएको छ । यसैले सम्मान गरी बोल्न हुन सचेत गराउँदछु ।'

'सभामुख महोदय ! हाम्रो देशको माटोलाई म दोष दिन चाहन्न, तर हाम्रो चालचलन अनि संस्कार ठ्याक्कै उल्टो छ, जसको सिङ छैन त्यसको नाम तिखे, जसको आँखा छैन उसको नाम नेत्रराम, अनि जसको ।'

सभामुखले सत्यमानको भनाई नसकिँदै कुरा काटेर बोले, 'माननीय सांसद ! तपाईँको समय थोरै बाँकी रहेकोले भन्न खोज्नु भएको विषयवस्तुलाई यो सम्मानित सभामा समयावधी भित्र स्पष्ट पार्न अनुरोध छ ।'

'यहाँ जो बोले पनि सबैले यो सम्मानित सभा भनेर सम्बोधन गर्दछ, त्यसप्रति मेरो घोर आपत्ति छ, सभामुख महोदय !'

'त्यही त माननीय संसदज्यु ! तपाइँले भन्न खोज्नु भएको के हो, के विषयमा घोर आपत्ती हो ? स्पष्ट पार्नु होस !'

'खास कुरा के हो भने मैले धेरै सदस्यहरुको भाषण सुने, अधिकांश सवैले सबैलाई धारे हात लगाएर भ्रष्टाचार, बलात्कार, नक्कली शरणार्थी जस्ता विभिन्न काण्डै काण्डमा दोष लगाएको छ। हाम्रो अगाडि अधिकांश नांगिसकेको छ भने अपमानित सांसदहरुले भरेको यो सदनलाई म कसरी सम्मानित भनौं ? यो त केवल अपमानित सदन हो, सभामुख महोदय !'

*हेटौँडा-६, चौघडा*

# 'प्रिय सुफी' लाई नियाल्दा

पुस्तक समिक्षा



निमिसा निरौला




सुबिन भट्टराई नेपाली साहित्यका एक चर्चित र महान् व्यक्तित्व हुन् । उनको जन्म सन् १९८२ नोभेम्बर पाँचमा नेपालको खोटाङ जिल्लामा भयो । उनले लेखेका धेरै किताबहरू निकै नै चर्चित छन् । उनले प्रिय सुफी साथसाथ अन्य प्रसिद्ध पुस्तकहरू जस्तै इजोरिया, समर लभ, मनसुन, साया आदि पनि लेखेका छन् ।

सुबिन भट्टराईद्वारा लिखित किताब 'प्रिय सुफी' एक उपन्यास हो। यो उपन्यास एक वि.सं २०७५ सालमा असोज ६ गते प्रकाशन गरियो । यस किताबका लेखक सुबिनले त्यस बेलामा बढ्दो दरमा हाम्रो देशमा रहेको आत्महत्याको न्यूनीकरण गर्न विशेषगरी युवा पुस्ताका लागि यो सन्देश मूलक उपन्यास लेखेका हुन् । प्रिय सुफी दुई दिदी, बहिनीको कथा हो । यस पुस्तकमा सदाले मुख्य पात्रको भूमिका निर्वाह गरेकी हुन्छे । यो पुस्तकले हरेक पाठकको मनलाई नै छुन्छ र भावनात्मक हुन बाध्य बनाउँछ । यस उपन्यासको सुरुवातमा बिरगंजबाट काठमाडौँतर्फ हिँडेको सुमो मध्य बाटोमै बिग्रन्छ र एक महिला एउटा स्कोरपियोलाई अनुरोध गरी त्यस स्कोरपियोमा जान्छन् । उनले त्यहाँ एक परिवार भेटछिन् र उनले थाहा पाउँछिन् कि त्यस परिवारमा भएको छोराले आफ्नी प्रेमीकाले धोका दिएको भएर आत्मदाह गर्न खोज्छ । त्यसपछि, उनले एउटा कथा सबै स्कोरपियोमा भएकाहरूलाई सुनाउँछिन् । कहानीमा सदा नामक केटीले आफ्नो कलेजको एक सार्थक नाउँको केटालाई असाध्यै मन पराउँथी । पछि गएर सार्थक र सदाबिच ज्यादै नै गहिरो प्रेम सम्बन्ध बाँधियो । उनीहरूले एकअर्कासँग धेरै नै रमाइला पलहरू बिताउँछन् । सदाको घरमा ऊ, सुफी र उनीहरूको बुवा बस्थे र सदाको आमाको निधन भएको थियो । सुफी, (सदाकी बहिनी) ले सदा भन्दा निकै नै माया, प्रेम पाएकी हुन्छे । एक दिन सदालाई र्युम्याटिक फिबर नामको रोग लाग्छ जसले गर्दा ऊ निकै नै अशक्त हुन्छे र १.५ वर्ष नै घरमा थला परेर बस्छे । सुफी र सदा एक अर्कासँग बोल्ने गर्थेनन् तर सदा बिरामी परे पछि सुफी र सदा बिचको सम्बन्ध निकै राम्रो हुन्छ तर यसैबिच सार्थक र सदाबिच रहेको प्रेम सम्बन्ध टुट्छ र त्यसै बेला सुबिनले यस पुस्तकमा नेपाली समाजको चित्रण निकै नै राम्रोसँग गरेका हुन्छन् । पाठकहरुको मनै छुने गरी सदाका भोगाइ र विचारहरुलाई समेटिएको हुन्छ । सदालाई मर्ने इच्छा त हुँदैन तर पनि १.५ वर्षसम्म धैर्यको बाटो रोजेर पनि उसलाई अन्तिममा मर्न मन लाग्छ तर ऊ सबै चिजलाई अन्तिम पटक सम्झदा उसले सभिन्छे कि मान्छेलाई मर्न त एक कारण चाहिन्छ तर बाँच्ने हजारौँ कारणहरू छन् यहाँ। उसलाई पछि थाहा हुन्छ कि उसलाई अर्कै रोग लागेको रहेछ अनि ऊ अर्को डाक्टर कहाँ गएर थाहा पाउँछे र ठिक हुन्छे । उसलाई पहिलेदेखि नै लेखन मन पर्थ्यो र रोगसँग लडिरहेको अवस्थामा उसले आफ्नो डायरीमा लेखेका कुराहरुलाई सुफी र सुफीको श्रीमानको करले गर्दा उसले त्यो प्रकाशन गर्छे, महान लेखक बन्छे र आफ्नो जीवनको मूल्य थाहा पाउँछे । अन्त्यमा, स्कोरपियोमा भएका आमा, छोरा र बुवा निकै नै रुन्छन् र त्यसपछि हामी थाहा पाउँछौँ कि त्यो कथा भन्ने महिला सुफी थिइन्, जसले सदालाई निकै नै माया गर्थिन् र उनको र उनको बुवाको मिहिनेतले गर्दा उसको जीवन राम्रो बन्छ । साँच्चै नै, सुबिनजीले साह्रै नै राम्रो उपन्यास लेख्छन् । हामीले प्रिय सुफी पढेर थुप्रै राम्राराम्रा ज्ञान, प्रेरणा र शिक्षा प्राप्त गर्न सक्छौँ। यस पुस्तकले मेरो मनलाई छोएर आँसुवृष्टि नै गराएको थियो । यस पुस्तकमा भनिएका एक एक वाक्य पनि हाम्रो जीवन परिवर्तन गर्न ठुलो भूमिका निर्वाह गर्छन् ।

यो पुस्तक असाध्यै प्रेरणादायी छ । मेरो हिसाबमा यो हरेक व्यक्तिले आफ्नो जीवनको महत्त्व बुझ्न, धैर्यको महत्व बुझ्न, प्रेमको यथार्थ बुझ्न, आत्मविश्वासको आवश्यकता बभन र संघर्षदेखि सफलतासम्मको यात्रालाई नियाल्न अनि प्रेरणा लिन आफ्नो जीवनमा एक न एकचोटि पढ्नै पर्छ ।

यस पुस्तकमा साथीहरूका बारेमा भनिएका कुरा मलाई निकै नै मन पर्छ कि साथी भनेको त दसैँमा लगाएको टीका जस्तै हो, महत्व धेरै छ तर केही बेरपछि सुकेर झर्छ । साथीहरु भनेको त होलीको रङगहरु जस्तै हो, सधैँ दलिँदैन । साथीहरु भनेको त तिहारमा पकाएको सेलरोटी जस्तै हो, धेरै खाए ग्यास्ट्रिकले सताउँछ । साथीहरु थोरै साथ र धेरै याद हुन् । यस पुस्तकमा मायाको परिभाषा पनि गरिएको छ। यो उपन्यास सर्वोत्कृष्ट एवम् सर्वोत्तम छ ।

यस उपन्यासमा हाम्रो नेपालको समाजको अवस्था र तितो सत्यलाई पनि दर्साइएको छ कि जब सदाको घुँडा दुख्छ ऊ थला पर्छे र त्यस बखत उसको अवस्था ठिक गर्नको लागि कसैले पिपलको बोटमा शनिबारको दिन पानी चढाउनु, फलामको औँठी लगाउनु, पहेँलो वस्त्र लगाउनु, मन्त्रहरु जप्नु, धामीबाट फुकाउनु, दिएको माला लगाउनु आदि इत्यादि भने र त्यस पुस्तकमा भनिएको छ कि रोगको बाँझो खेतमा धर्मको बाली मज्जाले फस्टाउँदो रहेछ।' 'जीवन चलाउन अन्धविश्वास होइन, आत्मविश्वास चाहिन्छ' सदाले निको भएपछि फलामको औँठी, अनेक थरीका माला र पहेँलो वस्त्रलाई फालेर सोच्छे । यो पुस्तक अत्यन्तै राम्रो र निकै नै उत्तम छ ।

यस उपन्यासले हामीलाई सिकाउँछ कि यस संसारमा अब्बल र सर्वोत्कृष्ट बन्न थुप्रै सङ्घर्षका पहाडलाई आफ्नो जीवन राम्रो बनाउन पार गर्नुपर्छ र हरेक समस्याको कुनै न कुनै समाधान हुन्छ जसलाई हामीले धैर्यता र सकारात्मक आशाको किरणबाट खोज्न सक्छौँ ।

अनेकौँ दुःख, कष्ट, पीडाले नै मानिसलाई साहसी बनाउँछ र यिनीहरू हाम्रो जीवन जिउँदाको एक सामान्य र सहनुपर्ने प्रक्रिया नै हो । सदाले रोगसँग लड्दालड्दै पनि आफ्नो इच्छा जुन लेख्ने काम थियो त्यो छोडिनन्, एक लेखक बनिन् र बेस्टसेलरमा आफ्नो डायरीलाई चिनाइन् ।

आम पाठकको मनमुटुलाई छुन सक्ने कृति भएकाले म तपाईंलाई पनि एक पटक प्रिय सुफी पढ्न सुझाव दिन्छु ।

कक्षा-९ (ज्ञान)
ज्ञानदीप शिक्षा निकेतन मावि ।
(सदस्य, नवसर्जक साहित्य चौतारी नेपाल, वाग्मती प्रदेश समिति)

# जुत्ता



नितिका भट्टराई

खुट्टालाई तातो दिन्छ
मेरो प्यारो जुत्ता
जुत्ता लगाउँदा उत्साहित हुन्छ
मेरो सानो खुट्टा ।
कुनैमा पुतली छन्
कुनैमा बुट्टा
जतिपटक लगाए पनि
थाक्दैन मेरो खुट्टा ।
भित्र लगाउने एउटा छ
बाहिर लगाउने अर्को
भित्र बाहिर हुँदा पनि
लाग्दैन कहिले झर्को ।
जताततै जुत्ता देख्नु
हेरिरहुँ झैँ लाग्छ
जति जुत्ता भएपनि
मनले अझै जुत्तामा छ ।

*कमाने एकेडेमी*

# बाल अधिकार



आश्रिका न्यौपाने

१
हामी साना बालबालिका देशका कर्णधार
सीमित नहोस् नारामा नै बाल अधिकार

२
कति भए बालअधिकार सम्बन्धमा सन्धि
किन हुन्छन् बालबालिका कारखानामा बन्दी

३
सडकमा बस्न बाध्य कति केटाकेटी
यौन शोषणमा पर्ने गर्छन् हाम्रा चेलिबेटी

४
बन्नुपर्छ बालश्रममुक्त कारखाना र धन्दा
बालबालिका संवेदनशील हुन्छन् अरुभन्दा ।

*कक्षा-७, अन्नपूर्ण, बाल जागृति इङ्लिस सेकेण्डरी स्कूल*

# 'होशियार'

लघुकथा



पं.ज्यो.तोयनाथ सुवेदी

कोही कसैसँग अमूल्य वस्तु छ ?" गाउँमा उर्दि जाहेर भयो तर कसैले प्रत्युत्तर दिएन । सबै–सबै मौन थिए । अचानक त्यहाँ आँखा निकालेर सिमानामा राख्ने र शयनमा राष्ट्रियता नाप्ने मानिससँग भेट भयो ।

मैले सोधेँ, "तपाई को नी ?" उसले उत्तर दियो, "म बिरालोले मुसा खेलाए झैँ खेलाउने र मदारीले भालु नचाए झैँ नचाउने त्यही लाटी आमाको तिघ्रो चिमोटेर बहादुरी देखाउने व्यक्ति हुँ ।"

ओहो ! मलाई विश्वास छैन, "तिमी को हौ को हौ ?" मेरा लागी त तिमी परीक्षणमा छौँ ?"

त्यसैले', ए महाशय ! अब त्यो अमूल्य वस्तुको आशा पनि भरोसा राखेर यो इमान नबेचिएका ठाउँमा जादुगर र मुखुण्डोको भेषमा जनता किन्न नआए हुन्छ' भन्दै सबै होशियारको नारा लगाउन थाले ।

*हेटौँडा–८, कमाने*

# विद्यार्थी जिवन



पारस अधिकारी

विद्यार्थी हामी अञ्जान प्राणी पढ्न आएका ।
जीवन जीउन संसार बुझ्न यात्रामा गएका ।

सिकेर ज्ञान गरेर ध्यान बुझ्नुस् आफूलाई ।
चिनाउने बाटो बनाई एक बस्नुछ हामीलाई ।

घरलाई छोडी बन्धन तोडी लक्ष्यलाई हेरेर ।
असल बाटो असल गुरु तिमीलाई खोजेर ।

पढेर पाठ सिकेर सीप हिँडेको हो माथि ।
सुख र सौन्य सम्मान पाउन रटेको हो साथी ।

लोभलाई हटाई सत्तगुण फैलाई असल बनेर ।
दुर्गुणबाट सत्तगुण खोज्न मनलाई भनेर ।

*कक्षा-१०, अमर मावि*

# साथी



प्रिया थिङ

सुखमा साथ दुःखमा लात नगर्नु है साथी
मलाई धोका दिएर जाने नगर है साथी
बच्चैदेखि सँगै हुर्कँ रमाएँ कराएँ
ठूलोमा देखेँ नदेखे गर्छौं रिसमा रिसाए

मायाको दियो धागोको सियो हाम्रो सम्बन्ध
कुरानै कुराले बनायो हाम्रो राम्रो सम्बन्ध
रिसाउ तिमी फकाउँ म तिमीलाई मेरो साथी
पढ्नमा ध्यान दिनुपर्छ अब सबैभन्दा माथि

म एक्लो हुँदा साथ दिन तिमी आयौ साथी
तिमी एक्लो हुँदा साथ दिन म आउँछु साथी
सुखमा साथ दुःखमा लात नगर्नु है साथी
मलाई धोका दिएर जाने नगर है साथी

*कक्षा : ८, नवोदय शिशु सदन*

# मेरो प्यारो स्कूल



रोहण तिमल्सिना

सबैभन्दा प्यारो लाग्छ मलाई मेरो स्कूल ।
स्कुल नभए पढ्नलाई पर्छ साह्रै मुस्किल ।
स्कुल नाम मेरो बाल जागृति ।
यो स्कुलले झल्काउँछ कला अनि संस्कृति ।

राम्रो राम्रो ज्ञानगुनका कुरा सिकाउने
विद्यार्थीलाई राम्रो राम्रो मार्ग देखाउने ।
छुट्टै रुपको कला छ यहाँ रुपको सीप ।
बाल जागृती पढेपछि बल्छ राम्रो दीप ।

छुट्टै खालको विद्यालय छुट्टै खालको पढाई
पढि अगाडि बढाउनुपर्छ स्कूलको सान बढाई ।
बाल जागृती बोर्डिङ स्कुल जिन्दावाद मनाऔं
आऊ साथी राम्रो काम गरी मेरो स्कुललाई चिनाऔं ।

*कक्षा-६*

# बधाई ज्ञापन



**जनार्दन खनाल**

विराग भीम श्री श्याम शर्मा श्री रुद्र रिजाल
यी तिनै प्रतिष्ठानले गोष्ठी गर्दछन् विशाल
झरना साथै श्री सिस्नु पानी साहित्य आँचल
यी मातृभूमि बुढयौली अनि मञ्ज गजल ॥१॥

लेखक संघ प्रलेश साथै विविध थरिका
साहित्य संस्थाहरुमा हाम्रो अटुट एकता
आस्थामा हाम्रो भिन्नता होला साहित्य यात्रामा

सँगै नै हिँड्छौ दर्बिलो बन्दै गन्तव्य पुग्नमा ॥२॥
मिलेर बन्यो यो छाता हाम्रो सर्जक संजाल
साहित्य संस्था नेतृत्व गर्ने सुन्दर विशाल
अध्यक्ष जस्तो गरिमा पद निमेश निखील
शालिन भद्र मिलनसार मधुर वाचाल ॥३॥

उदेश्य हाम्रो समाज भित्र रहेको विकृति
सिर्जनाद्धारा चेतना छर्दै देशको संस्कृति
जोगाइ राख्नु कर्तव्य हाम्रो अटल हिमाल
सरी झै रह्यो रहँदै जाओस् विशाल नेपाल ॥४॥

पहिले चिन्थे बुद्धले जन्म लिएको यो देश
नेपाल यौटा विश्वमै सानो स्वतन्त्र विशेष
अहिले भ्रष्टहरुको देश गरिबी शोषण
भोगीदै आयौं यी ठूला बाटै शोषित जीवन ॥५॥

बहालवाला श्री कर्मचारी बरिष्ठ नायक
सांसद मन्त्री पक्रिदै गए भ्रष्टका मालिक
छुटाई देलान राज्यले भन्दै सर्जक सबैले
बिरोध गरौं सबैले नै मिली सिर्जना द्धाराले ॥६॥

खबरदारी गर्नको लागी विभिन्न चोकमा
भएर जम्मा सर्जकहरु सिर्जना भनौन
जनतालाई चेतना छरौं यी भ्रष्ट नेताका
कर्तुतहरु उदाङ्गो पारौं जनता सामुमा ॥७॥

नेतृत्वदायी भूमिका भित्र हामी छौं अटेको
त्यसैले पनि विभिन्न ठाउँ रचना भनेको
पहिलो दिन श्री बुद्ध चोक दोश्रोमा शीतल
महल चोक घन्कियो पनि कविता गजल ॥८॥

यो तेस्रो दिन संगम चोक चौथोमा पुस्तक
घरमा भयो यी भ्रष्टचारीहरुको कुकर्म
विविध खाले  रचनाद्धारा विरोध गरियो
पाचौं दिन चौघडा भन्दै घरमा हिडियो ॥९॥

यो पाचौं दिन चौघडा चोक जम्मा नि भइयो
केहीले गरे रचना पाठ धेरैको रोकियो
बिजुली बत्ती नहुँदा खेरी साउण्ड बजेन
त्यसैले अलि खिन्नता छायो अगाडि बढेन ॥१०॥

हटिया चिसा पानीको चोक पुगेर रचना
खुसीको साथ गरेका थियौं सबैले बाचन
चौघडा भन्दा मान्छे नि धेरै स्थानीय स्तरका
व्यक्तिले पनि उत्साह साथ रचना पढेका ॥११॥

यो छैटौं दिन कमाने क्षेत्र श्री नीम चोकमा
स्थानीय बासीहरुको राम्रो यो सक्रियतामा
हुँदैनै थियो भव्यको साथ विविध कविता
वडा नं. आठ अध्यक्षज्यूको समुपस्थितिमा ॥१२॥

आँधी र बेरी पानीले गर्दा स्थगन गरियो
असिना पनि आएर कठै बिचल्ली परियो
भोलिको दिन श्री बुद्ध चोक यो समापन नि
गर्नु नै पर्छ कविजीहरु १ आउनु होला नि ॥१३॥

सुरेश श्रेष्ठ यी पत्रकार समृद्ध समाज
दैनिक गर्नु भएको थियो रेडियो निकास
प्रत्यक्ष प्रशाारणनै गर्नु भएकै थियो नि
त्यसैले पनि यो हाम्रो कार्य रोचक भयो नि ॥१४॥

शुरु नै देखि अन्तीम सम्म छोड्नु नै भएन
सुरेश सर उनी नै खट्दा उत्साह घटेन
अन्तिम दिन भएरै होला सिर्जना धेरै भो
यो उपस्थिति अन्तको भन्दा वजनदार भो ॥१५॥

संवद्ध पक्ष साहित्यकार विभिद कुराको
श्रद्धालु मन पाएर हामी यो कार्य पुरा भो
छौं हामी सबै एकताबद्ध राष्ट्रको चाहना
सबैमा मेरो हृदयै देखि बधाई ज्ञापन ॥१६॥

*बकैया–४, छतिवन*

# हार नमान्नु तिमी



**सरोजप्रसाद साह**

जिवन छ छायाँ, तिम्रो साहसको, हार नमान्नु तिमी
जिवन-छायाँ
जिवन-मायाँ
मोह-मायाँ
जिवन-छायाँ



लाखौं छन् यहाँ, फाँसीका फन्दा
लाखौं छन् यहाँ, विषले मर्दा
हार नमान्नु तिमी



कठोर वचनले, तितो बोलीले, लाखौं फूल मरे
झुठो वचनले, भुठो कसमले, लाखौं तीर चले
हार नमान्नु तिमी
पहाड बन्नु तिमी
चट्टान बन्नु तिमी
हार नमान्नु तिमी

लाखौं कारण आउन सक्छन्
डोरी समाउन लगाउन सक्छन् ।
संसार सारा खिल्ली उडाउँछन्
मर्नका लागि मजबुर बनाउँछन्
हार नमान्नु तिमी ॥

संसार-सारा
मोह-मायाँ
जीवन-छायाँ



संसार मोह, मोहजाल, अनमोल जीवन यहाँ
जीवन तिम्रो शत्रु होईन, अवसर जिवन यहाँ
सम्झ तिमी बाबाको सपना, आमाको माया यहाँ



आज र भोली बाँच्नु छ यहाँ, बाँच न सबैको साथ यहाँ
कठोर वचनले, तितो बोलीले, लाखौं फूल मरे
झुठो वचनले, भुठो कसमले, लाखौं तीर चले
लाखौं यहाँ छन्, फाँसीका फन्दा
लाखौं छन् यहाँ विषले मर्दा
हार नमान्नु तिमी

## गाउँखाने कथा

१. पाँच मानिसको एउटै पेट ।
- हात

२. लौन बाबु यता आऊ, आठ थुन जोडी जाडो भगाऊ ।
- दौरा

३. मान्छे नै काटी–कुटी आँखा, कान टुलुटुलु हेरिरहन्छ मार्दै है खान ।
४. पानी खाई लुगासित खेल्छ सधैं भइलो, खेल्दाखेल्दै कपडाको फाली दिन्छ मैलो ।
- साबुन

५. जसले लिन्छन् साथ सहयोग आफ्नो जस्तै ठानी, बचाउँछ सबैलाई छेकी घाम पानी ।
- छाती

# मुक्तक



**अमृता लामिछाने**

दलालहरु सङ अनि दलहरुसँग
टेबलमुनि एक गठित बलहरुसँग
छैन निन्द्रा शोक मग्न बनेको छ किन?
बन्द ढोका भित्र हुने तिनै छलफलसँग

एक पछि तारन्तार मिलाउदै हिड
खोजी गर्छ्न दुनियाँले बिलाउदै हिड
यता पनि ठिकै उता पनि ठिक्क तिमी
सँगै बोक सियो धागो सिलाउँदै हिड

कोहि त लुकि लुकि हान्ने भएनन भने
हो, देखि देखि रिस मान्ने भएनन भने
जिन्दगी कसरी अगाडी बढ्छ र प्रिय ?
दुई चार जना खुट्टा तान्ने भएनन भन

# जन्मभूमि



**रोज शिलवाल**

नेपालमा नै छ मेरो मन छैननी अरुमा
जाँदिनँ अरु देशमा मेरो देशलाई छोडेर
नेपाल हाम्रो मातृभूमि जगत हो हाम्रो
खराब कार्य है गरी नराख है देशलाई घरमा

देशका लागि राम्रो है काम गर्न है साथी
काम हे गरी देशको नाम राख न है माथी
मेरो साथी मेरो भाइ गर न है काम
आफ्ना लागि नगरे पनि राख न है नाम

हत्या र हिंसा नगर साथी देशमा घरमा
हुन्न है दिन्न हिंसा है देश चिनाउँछु विदेशमा
नेपाल हाम्रो मायाको सास नगर नमास
नेपालका लागि भएपनि राख न है सास

देशको शक्ति देशको भक्ति देशको रगत
देशका लागि रै छ साथी देशको सङ्गीत
देश है मेरो सासको केन्द्र छाया है मायाको
आकृति मेरो देश नै मेरो अरु है छायाको

कक्षा : ८, नवोदय शिशु सदन



सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

स्वादिष्ट नेवारी खाजा






अब

होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

# सातको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
सम्पर्क : ९७४५०२८५५५



**मेष राशि**: परिश्रमले नयाँ काम प्राप्ति । तर्क वितर्क वादविवादमा सामेल भइएला । हाँके ताकेका काममा सफलता प्राप्ति होला । कडा परिश्रम, अध्ययन, त्याग र निरन्तर ताको समय छ । कार्यक्षेत्र र पारिवारीक समस्यालाई सन्तुलनमा राख्दा राम्रो होला । नोकरीमा मन आसन्न होला । व्यापार–व्यवसाय ठिकै रहला । समस्याले छोड्ने छैन । पढाइ–लेखाइ मध्यमकारक देखिन्छ ।

**वृष राशि**: जिम्मेवारी पूरा गर्ने समय योग छ । हत्तचित्त भएर काम गर्नुपर्ने समय योग रहन्छ । मिहिनेतको नतिजा लाभप्रद नै होला । नोकरी र कार्यक्षेत्रमा वरिष्ठ कर्मचारीको सहानुभूति र प्रशंसा प्राप्त होला । धार्मिक तथा सामाजिक काममा सरिक भइएला । वैदेशिक प्रयोजनका कामहरु अधुरा रहलान् । पारिवारीक सहयोग प्राप्त होला । अध्ययन–अध्यापन ठिकै रहला ।

**मिथुन राशि**: आत्मीय प्रेमको अनुभूति होला । कार्यक्षेत्रका समस्या र चुनौति पन्छाइने छ । मनोरञ्जनमा खर्च बढ्ला । धन लगानीमा सोचेर काम गर्दा राम्रो । धार्मिक तथा परोपकारजन्य काममा सरिक भइएला । कार्यक्षमताको प्रदर्शनले लाभ होला । व्यापार–व्यवसाय मध्यमकारक रहला । अध्ययन–अध्यापन ठिकै छ । प्रेम प्रसंगमा आत्मीयता बढ्ला ।

**कर्कट राशि**: हाँके ताकेका काममा प्रसिद्धि मिल्ला । काममा नयाँ सम्झौता सम्पन्न होला । साँझेदारी र सट्टापट्टाका कामबाट लाभ प्राप्त होला । मान–सम्मानमा वृद्धि होला । शरीरमा र मनमा स्फूर्ति बढ्ला । कुरा काट्नेहरु नामस्तक होलान् । व्यक्तित्व विकासले लाभ प्राप्त होला ।

**सिंह राशि**: खर्चमा अचानक वृद्धि होला । काममा सावधानीपूर्वक कदम चाल्दा राम्रो । व्यापारी र व्यवसायीका लागी दौडधूप गर्नुपर्ने समय योग छ । नोकरीका लागी कमजोर समय छ । विश्वासमा संकट आइपर्ला । विद्यार्थीका लागी हानिकारक समय छ । शेयरमा घाटा हुने योग छ । धार्मिक तथा सामाजिक अनि परोपकारजन्य काममा सरिक भइने समय योग रहेको छ ।

**कन्या राशि**: समय ठिकै छ । पारिवारीक वातावरण रमणीय र आनन्दप्रद रहला । कार्यक्षेत्र र जीवनयात्राका असजिला विषयमा परिचर्चा होला । ठूलाको सल्लाहले काममा पूर्णता होला । नयाँ योजना बन्ला । प्रशासनिक र कार्यक्षेत्रमा सरिक भइएला । दैनिक खर्च बढ्ला । साना कुराहरुमा वादविवाद बढ्न सक्छ । महत्वकांक्षा जाग्ने समय योग छ ।

**तुला राशि**: पेशागत वा व्यवसायिक जीवनका केही क्षेत्रमा चुनौति आइपर्लान् । रोकिएका कामहरु पूर्ण होलान् । व्यक्तिगत प्रतिष्ठा र वर्चस्व स्थापना गर्न सकिने समय छ । राजनीति वा समाजसेवा नै कार्यक्षेत्र मान्नुपर्ने समय छ । पदप्रतिष्ठा र सम्मानले प्रतिक्षा गरेको छ । साँझेदारी र प्रतिस्पर्धी काममा सफलता प्राप्त । वैदेशिक योगका कामबाट लाभ प्राप्त होला ।

**वृश्चिक राशि**: इज्जत र प्रतिष्ठामा वृद्धि हुने समय छ । धनसम्पत्तिमा पनि वृद्धि होला । हाकिम वा सिनियर्सको कृपापत्र बनिएला । पदोन्नति वा अवसरको खोजी गर्ने दिन हो । देश परदेशको यात्रा आइपर्ला । परोपकारी र धार्मिक काममा सरिक भइएला । पढाइ–लेखाइ ठिकै रहला ।

**धनु राशि**: खर्च वृद्धि हुन सक्छ । विभिन्न वाधाहरुबाट बाहिर राख्दा राम्रो रहला । विपरीत परिस्थितिलाई जितेर अघि बढ्दा राम्रो होला । व्यापार–व्यवसाय मध्यम छ । नोकरीका क्षेत्रमा सचेतता अपनाउँदा राम्रो । रचनात्मक र सीपमूलक काममा सफलता प्राप्त । सु–स्वास्थ्य र आहारविहारमा  सचेतता अपनाउँदा राम्रो । पढाइ–लेखाइ मध्यम नै छ ।

**मकर राशि**: आन्तरिक प्रतिभा र रचनात्मक पक्षलाई प्रस्फुटन गर्न सकिने छ । भेटघाट,कुराकानी मित्रता र सम्पर्क आदिमा अल्मलिएला । आस्था र विश्वासलले काममा पूर्णता प्राप्त होला । उपहार वा चिठ्ठा प्राप्त हुन सक्ला । अर्काको गुनासो सुन्ने र मद्धत गर्ने दिन हो । राम–रमाइलो रमझममा मन रमाउला । पारिवारीक सहयोग प्राप्त होला । पढाइ–लेखाइ ठिकै रहला ।

**कुम्भ राशि**: चिन्ता, शङ्का बढ्ने समय योग छ । रिस, आवेग र अनियमित्रताप्रति सचेत भएर काम गर्दा राम्रो । व्यवहारमा लचिलोपन प्रस्तुत गर्दा राम्रो । बोलीमा मिठास र व्यवहारमा नम्रता गहना बन्लान् । ठूलाको बचन शिरोधार्य गर्दा राम्रो होला ।

**मीन राशि**: ज्ञान वा प्रज्ञा बढाउने समय योग छ । विवेक र क्षमताले असहज परिस्थिति हट्न सक्ला । दाम्पत्यजीवन सुमधुर होला । कुराकाट्नेसँग बच्दा राम्रो होला । हाँके ताकेका कामहरु बन्लान् । कार्यक्षेत्र र प्रशासनिक क्षेत्रमा बुद्धिको उपयोग गर्दा राम्रो । बौद्धि र  प्राज्ञिक क्षेत्रमा मन जाला । पढाइ–लेखाइ ठिकै छ । धार्मिक झुकाव बढ्ला ।

## श्री देवकी माध्यमिक विद्यालय/प्रविधिक शिक्षालय
बागमती गाउँपालिका–५, लिलादमार,ज्यामिरे

## शिक्षक आवश्यकता

*सूचना प्रकाशित मिति: २०८०/२/१३ गते*

प्रस्तुत विषयमा बागमती गाउँपालिका झुरझुरे मकवानपुरको मिति २०८०/०२/१० को च.नं. २२२६ को प्राप्त विज्ञापन अनुमतिपत्र अनुसार तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०२/०८ को बैठक निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको तपसिलको पदमा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सुचना प्रकाशन भएको मितिले १५ पन्ध्र दिनभित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

| क्रस. | विज्ञापन नं. | पद/श्रेणी | संख्या | परीक्षा दस्तुर | शैक्षिक योग्यता | कै |
|---|---|---|---|---|---|---|
| १ | ०८/०७९/०८० | मावि. गणित गा.पा. अनुदान | १ | १,५००/- | गणित विषयमा स्नातक उत्तीर्ण गरेको | |

२. उमेरः १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।
३. तलब सुविधाः गा.पा.ले तोके बमोजिम ।
४. छनौटको किसिमः लिखित, अन्तरवार्ता ।
५ दरखास्तको अन्तिम मितिः २०८०/०२/२६ गते अपरान्ह ४ बजेसम्म ।
६. सम्पर्क मितिः २०८०/०२/२७ गते ।
७ आवश्यक कागजातहरुः नागरिकताको प्रमाणित प्रतिलिपि शैक्षिक योग्यता प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपिहरु ।
८. परीक्षा मितिः सम्पर्क मितिमा तोकिने छ ।

**नोट**:- दरखास्त सानिमा बैंकको खाता नं ०६२०१००१००००१०७ मा शुल्क जम्मा गरि स्क्यान बैंक भौचर इमेल chandrathapa2027@gmail.com मार्फत पनि दिन सकिनेछ ।
– अन्य जानकारीको लागि मो. प्र.अ.९८४५६८७९९९ स.प्र.अ. ९८४६८७२६१८ वि.व्य.स. अध्यक्ष ९८४५५३९७३० वा विद्यालयमा सम्पर्क गर्न सकिनेछ ।

# कविता प्रतियोगितामा रियाज प्रथम



*कविता प्रतियोगितामा प्रथम छात्र रियाज कार्कीलाई पुरस्कार वितरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसका छात्र रियाज कार्की माध्यमिक तहस्तरीय कविता प्रतियोगितामा प्रथम हुनुभएको छ । हेटौंडा स्कूल अफ म्यानेजमेन्टले आयोजना गरेको आमा शीर्षकको कविता प्रतियोगितामा सहभागी २५ जना प्रतिस्पर्धीमध्ये कार्की प्रथम हुनुभएको हो ।

प्रतियोगितामा हेटौंडा-५ स्थित जिएस निकेतनका छात्र समर्पण न्यौपाने द्वितीय, हेटौंडा स्कुल अफ म्यानेजमेन्टकी छात्रा रोशनी चौलागाई तृतीय, जिएस निकेतनका छात्र आदर्श पौडेल र हेटौंडा स्कुल अफ म्यानेजमेन्टका छात्र सरोज प्रसाद साह सान्त्वना भएका छन् । मातातीर्थ औंसीको सन्दर्भमा हेटौंडा स्कूल अफ म्यानेजमेन्टले माध्यमिक विद्यालयस्तरीय (कक्षा ९-१२) कविता प्रतियोगिता आयोजना गरेको हो ।

प्रथम, द्वितीय, तृतीयलाई क्रमशः १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ र ८ हजार रुपैयाँ नगदसहित पुरस्कृत गरिएको छ । यस्तै सान्त्वना हुने दुईजनलाई जनही ५ हजार रुपैयाँसहित पुरस्कृत गरिएको छ । प्रतियोगितामा सहभागिताका लागि आव्हान गर्दा प्राप्त ३७ वटा कवितामध्ये २५ वटा कविताको प्रारम्भिक सूचि तयार पारिएको थियो । प्रारम्भिक सूचिमा परेका कवितालाई शुक्रबार वाचन गर्ने अवसर प्रदान गरिएको थियो ।

विद्यार्थीलाई म्यानेजमेन्टको व्यवस्थापन समितिका अध्यक्ष देवप्रसाद श्रेष्ठ, सहायक प्रिन्सीपल रामपण्डित खनालले पुरस्कार वितरण गर्नुभयो । म्यानेजमेन्टले कविता प्रतियोगितासँगै आमा शीर्षकमै निबन्ध प्रतियोगिता पनि आयोजना गरेको छ । निबन्ध प्रतियोगिताको नतीजा एक सातापछि सार्वजनिक गरिने हेटौंडा स्कूल अफ म्यानेजमेन्टका नेपाली विभाग प्रमुख देवराज तिवारीले जानकारी दिनुभएको छ ।

# बेहोस हुँदा वृद्धको मृत्यु

समाज संवाददाता

**हेटौंडाः सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिका–८, तिल्पुङ बजारमा एक जना वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा तीनपाटन गाउँपालिका–८, काउले बस्ने ७२ वर्षीय गने सार्की रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।**

**सार्की बिहीबार बृद्धभत्ता लिएर फर्किएकोमा तिल्पुङ बजारमा रहेको बस काउन्टर नजिक बेहोस अवस्थामा फेला परेका थिए । बेहोस सार्कीलाई उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र तिल्पुङ बजार लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । अनुसन्धान गर्दा सार्कीले मादकपदार्थ सेवन गरेको पाइएको र शव स्वास्थ्य केन्द्रमा रहेको प्रहरीले जानकारी दिएको छ ।**

# गणतन्त्र दिवस विभिन्न कार्यक्रम गरी मनाइने

समाज संवाददाता

**हेटौंडाः १६ औं गणतन्त्र दिवस बागमती प्रदेश सरकारले विभिन्न कार्यक्रम गरी मनाउने भएको छ । शुक्रबार अन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले पत्रकार सम्मेलन गर्दै प्रदेश सरकारले विभिन्न कार्यक्रमको आयोजना गरी गणतन्त्र दिवस मनाउने जानकारी दिनुभएको हो ।**

**गणतन्त्र दिवस २०८० को अवसरमा मन्त्रालय/कार्यालयहरु र सार्वजनिक स्थानको सरसफाई गर्ने, नगर क्षेत्र सरसफाई व्यवस्थापनका लागि हेटौंडा उपमहानगरपालिकालाई जिम्मेवारी दिएको उहाँले जानकारी दिनुभयो । यस्तै, जेठ १५ गते साँझ प्रदेशस्थित सबै मन्त्रालय/ कार्यालयहरु/ सार्वजनिक एवम् सामुदायिक सार्वजनिक निकायहरुले राष्ट्रिय झण्डा फहराउने एवम् ब्यानर प्रदर्शन गर्ने, सार्वजनिक संघसंस्था, शैक्षिक प्रतिष्ठान तथा निकाय र प्रदेशबासीहरुका घरघरमा दीपावली गर्न अनुरोध गर्ने जनाएको छ । सबै मन्त्रालय/निकायहरुले आफ्नो वेबसाइटको होमपेजमा 'गणतन्त्र दिवस, २०८० भव्यताका साथ मनाऔं' लेखिएको ब्यानर देखाउने व्यवस्था गर्ने भएको छ ।**

**यस्तै, जेठ १४ गते सार्वजनिक रक्तदान कार्यक्रम आयोजना गर्ने, त्यसको व्यवस्थापन स्वास्थ्य मन्त्रालयले गर्ने भएको छ । जेठ १६ गते वृक्षरोपण कार्यक्रम आयोजना गर्ने र त्यसको व्यवस्थापन वन तथा वातावरण मन्त्रालयले गर्नेछ । प्रदेशमा क्रियाशील पत्रकारलाई प्रोत्साहित गर्न विभिन्न विधामा स्थापित पत्रकारिता पुरस्कार मूल समारोहमा वितरण गर्ने कार्यको समन्वय सञ्चार रजिष्ट्रारको कार्यालयले गर्नेछ । १६ औं गणतन्त्र दिवसको अवसरमा बागमती प्रदेश सरकार, विभिन्न राजनीतिक दलहरु र नागरिक समाजको प्रतिनिधिबीच अन्तरक्रिया गर्ने र सञ्चार माध्यमबाट प्रसारण गरिनेछ ।**

**सञ्चार रजिष्ट्रारको कार्यालयको संयोजकत्व तथा नेपाल पत्रकार महासंघ, बागमती प्रदेश समितिको समन्वयमा 'गणतन्त्रको १५ वर्षः अवसर र चुनौती' विषयमा खुला लेख प्रतियोगिता आयोजना गरिनेछ । प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो हुने प्रतिस्पर्धीहरुलाई पुरस्कार राशि क्रमशः १५ हजार, १० हजार र ५ हजार प्रदान गरिने जानकारी दिइएको छ ।**

**जेठ १५ गते बिहान ७:३० बजेदेखि हेटौंडाको बुद्ध चोकदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणसम्म प्रभातफेरी आयोजना हुनेछ । प्रभातफेरीपश्चात् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणमा गणतन्त्र दिवस २०८० बागमती प्रदेश मूल समारोह समितिको आयोजनामा विशेष समारोह आयोजना गर्ने, विशेष समारोहमा प्रदेश प्रमुखलाई प्रमुख अतिथि एवम् सभामुखलाई विशेष अतिथिको रुपमा आमन्त्रण गर्ने जनाइएको छ ।**

# वातावरण परिवर्तनबारे विद्यार्थीलाई अभिमुखीकरण

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले विद्यार्थीका लागि वातावरण परिवर्तनबारे अभिमुखीकरण कार्यक्रमको आयोजना गरेको छ । शुक्रबार बिहान अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका वातावरण अधिकृत चन्दा खड्काले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा स्नातक तह प्रथम र द्वितीय वर्षमा अध्ययनरत मानविकी र शिक्षा शास्त्र सङ्कायका विद्यार्थीको सहभागिता रहेको थियो । हरेक दिन, हरेक व्यक्तिको क्रियाकलापले वातावरणमा सकारात्मक र नकारात्मक प्रभाव रहने भएकोले आम मानिसमा वातावरण र मानवीय क्रियाकलापले पार्ने वातावरण प्रभावका विषयमा जानकारी गराउनु जरुरी भएको वातावरण अधिकृत चन्दा खड्काले बताउनुभयो । वातावरण परिवर्तनकै कारण मानव समाजको हरेक क्षेत्रमा प्रभाव पारेको खड्काले बताउनुभयो । विद्यार्थीका लागि आयोजना गरिएको अभिमुखीकरणमा क्याम्पस प्रमुख डा. शंकर प्रसाद उपाध्याय, सहायक क्याम्पस प्रमुख डा. यम बहादुर सिलवाल, डा. रामप्रसाद अधिकारीको पनि उपस्थिति रहेको थियो ।

# वर्तमान सहकारीको अवस्थाबारे अन्तरक्रिया

समाज संवाददाता

**हेटौंडाः मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघ लिमिटेडको आयोजनामा वर्तमान सहकारीको अवस्थाबारे शुक्रबार हेटौंडामा अन्तरक्रिया भएको छ । संघका अध्यक्ष रामहरि न्यौपानेको सभाध्यक्ष तथा बागमती प्रदेश सरकारका उद्योग, पर्यटन तथा सहकारी मन्त्रालयका सचिव गोविन्द रिजालको प्रमुख आतिथ्यमा अन्तरक्रिया भएको हो ।**

**अन्तरक्रियामा बोल्नुहुँदै सचिव रिजालले केही सहकारीहरुको गतिविधिका कारण अन्य सबै सहकारीप्रति शंका उत्पन्न भएको बताउनुभयो । उहाँले सहकारीमा देखिएको समस्या समाधान गर्न जरुरी रहेको बताउनुभयो ।**

**सहकारीमा अहिले देखिएको समस्याको समाधानका उपायहरु खोजी गर्न सरकारले आफ्नोतर्फबाट चिन्ता व्यक्त गरिरहेको उहाँको भनाई छ । अहिले नीति तथा कार्यक्रम बनाउने चरणमा रहेको बताउनुहुँदै उहाँले प्रदेशस्तरमा सहकारीसँग जोडिएका कार्यक्रमहरुलाई मन्त्रालयले समेटेर लैजाने गरी काम भइरहेको बताउनुभयो ।**

**अन्तरक्रियामा बोल्नुहुँदै बागमती प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाले अहिले विधिमा नचलेका सहकारीहरु धराशायी अवस्थामा पुगेको बताउनुभयो । अनुत्पादक क्षेत्रमा लगानी गरी बचतकर्ताका रकम फिर्ता दिन नसक्दा केही सहकारीहरु फरार भएको उहाँले बताउनुभयो । सहकारीले उत्पादन क्षेत्रमा काम गरिरहेको र बजारीकरण गरिरहेको अवस्थामा केही सहकारीहरुको गतिविधिका कारण अन्य सहकारीप्रति हेर्ने दृष्टिकोणमा शंकाको अवस्था सिर्जना भएको उहाँको भनाई छ । प्रदेश सहकारी बोर्डले सहकारी क्षेत्रमा अनुगमनलाई तीव्रता दिएर आवश्यक कारबाही गरिने देवकोटाले बताउनुभयो ।**

**हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलले सहकारीलाई रोजगारसँग जोड्नुपर्ने बताउनुभयो । मुलुकको आर्थिक व्यवस्थालाई उकास्न सहकारी क्षेत्रको महत्व रहेको बताउनुहुँदै उहाँले सरकारले नीति तथा कार्यक्रममा सहकारीहरुको कार्यक्रमलाई महत्व दिनुपर्ने बताउनुभयो । यस्तै, हेटौंडा उपमहानगरपालिकाका सहकारी विभाग प्रमुख हिमप्रसाद पौडेलले अहिले सहकारी क्षेत्रमा केही बिचौलियाहरु मौलाएको बताउनुभयो । उपमहानगरपालिकाले अहिले तत्काल सहकारी दर्ता गर्न बन्द गरिएको उहाँले जानकारी दिनुभयो ।**

**अन्तरक्रियामा बागमती प्रदेश सहकारी संघका सञ्चालक विमलकुमार ढकाल, जिल्ला बचत संघ मकवानपुरका अध्यक्ष कल्पना श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।**

# इसीडी शिक्षकलाई तालिम

समाज संवाददाता

हेटौंडाः सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तरको तीव्र बहस भइरहेको समयमा मनहरी गाउँपालिकाको पशुपतिनाथ माविमा शिशुकक्षा शिक्षण गर्ने शिक्षकलाई तालिम दिन सुरु गरिएको छ । बालबालिकाको शैक्षिक गुणस्तर सुधार गर्नका लागि जगैदेखि ध्यान दिनुपर्ने भन्दै विद्यालयले तालिम सुरु गरेको हो ।

विकासका लागि सहयोग र सहकार्य (हेल्पकोड) नेपालको आयोजनामा पशुपतिनाथ मावि, सृजना प्रावि, चेपाङ प्रावि, नवज्योति प्राविका ईसीडी शिक्षकहरुलाई ५ दिने तालिम सुरु गरिएको हो । विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्यको सभाध्यक्षता र हेल्पकोड नेपालका कार्यक्रम निर्देशक भरत पाठक, कार्यक्रम संयोजक ईन्द्रप्रसाद पाण्डे, फिल्ड कर्मचारी विकास चेपाङले सहजीकरण गरिरहनुभएको छ । हेल्पकोड नेपालले मनहरी-३ र ४ का ४ वटा विद्यालयका बालबालिकालाई विद्यालय पोशाक तथा शैक्षिक सामग्री सहयोग गरिरहेको छ । हेल्पकोड स्वीटजरल्याण्ड र हेल्पकोड ईटालीको सहयोगमा हेल्पकोड नेपालले काठमाडौं, चितवन र मकवानपुर जिल्लाको शैक्षिक क्षेत्रमा काम गरिरहेको छ ।

# जनप्रिय माविमा निर्वाचन



समाज संवाददाता

हेटौंडाः हेटौंडा-१६, हटियास्थित जनप्रिय माध्यमिक विद्यालयमा विद्यालय कप्तान तथा उपकप्तान र हाउस कप्तान तथा उपकप्तान चयनका लागि शुक्रबार निर्वाचन भएको छ ।

विद्यार्थीहरुबाट नै वुथ प्रतिनिधी समेत आमन्त्रण गरी गरिएको मतगणनाको परिणामबाट विद्यालय क्याप्टेनतर्फ बिहान सुवेदी निर्वाचित हुनुभएको छ भने उपकप्तानमा वादल श्रेष्ठ निर्वाचित हुनुभएको छ । त्यसैगरी हाउसकप्तान र उपकप्तान तर्फ रेडहाउसमा क्रमशः राज नेगी र राजन गोले त्यसैगरी ग्रीन हाउसतर्फ सुधा भट्टराई र करिस्ता दाहाल, यल्लो हाउसतर्फ एरिना चौलागाई र रेजिना रसाईली र ब्लू हाउसतर्फ रोजिना धमला र हृदम प्रसाद वैदार निर्वाचित भएका हुन् । विद्यालय व्यवस्थापन समितिका सदस्य कृष्णप्रसाद पनेरुको प्रमुख आतिथ्य तथा प्रधानाध्यापक भुपेन्द्र चौलागाईको अध्यक्षतामा औपचारिक कार्यक्रम सहित निर्वाचनको शुरुवात गरिएको थियो ।

निर्वाचनमा पूरा गर्नुपर्ने सबै प्रक्रियाहरु पूरा गरेर विद्यार्थीलाई सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक ज्ञान प्रदान गर्न यस्तो निर्वाचन गरिएको प्रधानाध्यापक भुपेन्द्र चौलागाईले जानकारी दिनुभयो । प्रमुख अतिथि पनेरुले विद्यालयले गरेको यस्तो नमूना निर्वाचनले भविष्यमा असल लोकतान्त्रिक अभ्यास सहितको दक्ष नेतृत्व तयार पार्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

नमूना निर्वाचनका लागि विद्यालयले मनोनयन दर्ता, उम्मेदवारी फिर्ता लिने, प्रचारप्रसार र मौन अवधी एवम् मतदान लगायतका सम्पूर्ण प्रक्रिया पूरा गरेर तालिकासहित निर्वाचन सम्पन्न गरेको जनप्रिय मिडिया संयोजक सुनिल गौतमले जानकारी दिनुभयो । जसका लागि विद्यालयले ७ सदस्यीय निर्वाचन समिति समेत गठन गरेको थियो । प्रधानाध्यापक भुपेन्द्र चौलागाईको संरक्षकत्वमा नमराज अर्यालले नमूना निर्वाचनका लागि प्रमूख निर्वाचन आयुक्त, अंग्रेजी माध्यम संयोजक रविन श्रेष्ठले प्रमुख निर्वाचन अधिकृत तथा संप्रस पौडेलले सदस्य सचिवको भूमिका निर्वाह गर्नुभएको थियो । कार्यक्रममा हेटौंडा-१६ का जनप्रतिनिधि संगीता विकको पनि उपस्थिति रहेको थियो ।

# विद्यालयलाई शैक्षिक सामग्री सहयोग

समाज संवाददाता

हेटौंडाः निर्माण सामग्री व्यवसायी संघ मकवानपुरले हेटौंडा-१, लालझाडीस्थित बाराही आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि ५० हजार रुपैयाँ बराबरको शैक्षिक तथा खेलकुद सामग्री वितरण गरेको छ । शुक्रबार विद्यालयमै पुगेर संघका पदाधिकारीले स्मार्ट टिभी, शैक्षिक तथा खेलकुद सामग्री वितरण गरेको हो ।

वडा अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उत्तम तामाङ र प्रधानाध्यापक मन्जु देवकोटालाई संघका अध्यक्ष बालकृष्ण बजगाईले सहयोग सामग्री हस्तान्तरण गर्नु भएको हो । बालविकास कक्षामा पढ्ने विद्यार्थीलाई प्रविधिमैत्री शिक्षणमा सहजता पुगोस् भन्ने उद्देश्यले स्मार्ट टिभी सहयोग गरिएको संघले जनाएको छ । वडा अध्यक्ष न्यौपानेले अबको आवश्यकता आधुनिक प्रविधिमैत्री शिक्षा रहेको बताउनुहुँदै शैक्षिक सामग्री सहयोगले बालबालिकाको विकास र सिकाई प्रक्रियामा सहयोग पुग्ने बताउनुभयो । कार्यक्रममा निर्माण सामाग्री व्यवसायी संघका सचिव सुदिप तिमल्सीना, कोषाध्यक्ष रोशन सापकोटाको पनि उपस्थिति रहेको थियो ।

**सूचना ! सूचना !! सूचना !!!**

**तालीममा सहभागी हुने आवेदन आह्वान सम्बन्धि सूचना**

प्रतुत विषयमा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोग तथा आकर्षण व्युटिपार्लर एण्ड ट्रेनिङ्ग सेन्टर हेटौंडा उपमहानगरपालिका वडा नं. १-४ को आयोजनामा ७ दिने Hydra Facial (Treatment) ट्रेनिङ्ग २०८० जेठ १७ गतेदेखि संचालन हुने हुँदा निम्न मापदण्ड पुरा भएका व्युटिपार्लर संचालक व्युटिसियनहरुमा जानकारी गराउँदछौं ।

तपशिल

- हेटौंडा उपमहानगरपालिका भित्र व्यवसाय संचालन हुनुपर्ने ।
- तह-१ वा तह-२ गरेको हुनुपर्नेछ ।
- ५ वर्ष व्यवसाय संचालन गरेको हुनुपर्नेछ ।
- १० जनाको साथमा तालीम संचालन हुनेछ ।
- हेटौंडा उपमहानगरपालिकामा व्यवसाय दर्ता गरेको हुनुपर्नेछ ।

**सम्पर्क**

**आकर्षण व्युटिपार्लर एण्ड ट्रेनिङ्ग सेन्टर**

**हेटौंडा-४, स्कुलरोड**

**९८४५४६३४२५**

**बागमती प्रदेश सरकार**

**स्वास्थ्य मन्त्रालय**

**स्वास्थ्य निर्देशनालय**

**स्वास्थ्य कार्यालय मकवानपुर**

**हेटौंडा, नेपाल**

**स्वास्थ्य कार्यालय मकवानपुरद्वारा जनहितमा जारि गरिएको सन्देशः**

- आत्महत्याको सोच आउनु एक मानसिक स्वास्थ्य समस्या हुन सक्छ । मानसिक स्वास्थ्य र मनोपरामर्श लिएमा यो समस्या रोकथाम गर्न सकिन्छ ।
- आफूलाई हानी गर्ने वा आफ्नो जीवन समाप्त पार्ने सोच आईरहेमा कुराकानी गर्न ११६६ नम्बरमा फोन गरौ । यो फोनबाट २४ सै घण्टा परामर्श सेवा लिन सक्नुहुन्छ र यसमा कुराकानी गर्दा कुनै शुल्क लाग्दैन ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
**-थाईराईड**
**-क्यान्सर**
**-रक्तअल्पता**
**-वाथरोग**
**-बाँझोपन**
**-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।**

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

**सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।**

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ